जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०    अंक १८    २०७७ साल साउन २३ गते शुक्रबार (7 Aug 2020 Friday)    मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिवाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : बन्द भएका उद्योग सञ्चालनमा ... ३ पृष्ठमा : विद्यार्थी भर्ना र विद्यालय ... ३ पृष्ठमा :राष्ट्रपति ट्रम्पको ...

## आइसोलेशनमा खटिएका चार जना स्वास्थ्यकर्मी पनि संक्रमित



**दैनिक समाचारदाता**
**राजविराज, २२ साउन ।**

खानामा किरा देखिएको विषयमा उत्पन्न विवादले उग्ररुप लिएपछि बिहीबार राजविराजस्थित साईकृष्णा मेडिकल कलेजमा संचालित आइसोलेशन कक्षमा संक्रमितहरुले तोडफोड गर्नुका साथै खाना बहिष्कार गरेका छन् ।

सोही क्रममा आइसोलेशनमा खटिएका स्वास्थ्यकर्मी तथा कर्मचारीहरुले संक्रमितहरुले आफूहरुमाथी दुर्व्यबहार गरेको भन्दै सेवा बहिष्कार गरि आइसोलेशन छाडेका छन् ।

बिहीबारै सोही आइसोलेशनमा स्वास्थ्य सेवाका लागि खटिएका चार जना स्वास्थ्यकर्मी कोरोना संक्रमित भएको राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. रन्जित झाले जानकारी दिएका छन् । चारैजना स्वास्थ्यकर्मीलाई छुट्टै आइसोलेशन कक्षमा राखिएको उनले जानकारी दिए ।

यता घटना बिबरण अनुसार बिहीबार बिहानको खाना खाँदै गर्दा एक संक्रमितको खानामा किरा देखिएको थियो । संक्रमितले किरा भएको खाना खान दिएको भन्दै आक्रोसमा खाना फ्याकेका थिए । त्यसपछि व्यवस्थापन पक्षले अर्को खाना पकाएर दिएका थिए । तर, आक्रोसित संक्रमितहरुले सो खाना पनि फ्याक्नुका साथै भाडाकुडा, टेबुल, कुर्सी र टेन्ट तोडफोड सुरु गरे ।

संक्रमितहरुलाई सम्झाउन पुगेका कर्मचारी तथा स्वास्थ्यकर्मीमाथी समेत संक्रमितद्वारा आक्रमण हुन थालेपछि आइसोलेशनमा खटिएका सबै स्वास्थ्यकर्मी र कर्मचारी भागेर आफ्नो सम्पर्कमा आईपुगेको अस्पतालका प्रमुख डा. झाले जानकारी दिए ।

डा. झाले त्यस्ता उच्छृखंल कार्यमा संलग्न व्यक्तिलाई कारवाही तथा अन्यत्र नसारेसम्म कर्मचारी र स्वास्थ्यकर्मी काममा नफर्किने अडान लिदै केही संक्रमितले चार दिन अघि पनि आइसोलेशन कक्षमा निगरानीका लागि जडान गरिएको ३ वटा सिसि क्यामरा समेत फुटाइदिएको उनले बताए । सो घटना बारे प्रमुख जिल्ला अधिकारी तथा अन्य निकायमा जानकारी गराइसकिएको उनले बताए ।

यसैबीच स्थानिय प्रशासनको पहलमा स्वास्थ्यकर्मीहरु आइसोलेशनमा फर्किएका छन् । होहल्ला गर्ने व्यक्तिको उचित व्यवस्थापन गर्ने प्रशासनको प्रतिबद्धतापछि स्वास्थ्यकर्मीहरु काममा फर्केको अस्पतालका प्रमुख झाले जानकारी दिए ।

## दुई महिलासहित १८ जनामा कोरोना संक्रमण पुष्टि

**दैनिक समाचारदाता**
**राजविराज, २२ साउन ।**

सप्तरीमा १८ जना कोरोना संक्रमित थपिएका छन् । बिहीबार दुई महिलासहित १८ जनामा कोरोना संक्रमण पुष्टि भएको हो ।

राजविराज ४ का ३३ बर्षीय पुरुष राजविराज ६ की ५५ बर्षीया महिला तथा वडा नम्बर खुल्न नसकेको दुई जना ४० र ३१ र ३८ बर्षीय पुरुषमा कोरोना संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

छिन्नमस्ता गाउँपालिका ४ की २५ बर्षीया महिला तथा वडा नम्बर ५ का दुई जना उमेर नखुलेका पुरुष, रुपनी गाउँपालिका ६ का २४ बर्षीय पुरुष, महादेवा गापा २ का दुई जना ३७ बर्षका तथा ३६ र ३४ बर्षीय पुरुषमा कोरोना संक्रमण पुष्टि भएको छ ।

बिहीबारै तिलाठी कोइलाडी गाउँपालिका २ को उमेर नखुलेका ३ जना पुरुष संक्रमित देखिएका छन् । यही गाउँपालिका वडा नम्बर ७ का उमेर नखुलेका एक जना पुरुषमा पनि कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*




## मृतक तीन मध्ये एकको रिपोर्ट पोजेटिभ, दुईको निगेटिभ

**दैनिक समाचारदाता**
**राजविराज, २२ साउन ।**



कोरोनाको मिल्दोजुल्दो लक्षणसहित एकै दिन मृत्यु भएका सप्तरीका तीन जना मध्ये एकको रिपोर्ट पोजेटिभ र दुई जनाको नेगेटिभ आएको छ ।

जिल्लाको रुपनी गाउँपालिका ५ निवासी ४५ वर्षिय बिन्देश्वर साहको रिपोर्ट पोजेटिभ आएको हो । यता रिपोर्ट पोजेटिभ आएपछि मृतकको घर सिल गरिएको छ ।

बुधबारै राती उनको रिपोर्ट पोजेटिभ आएपछि अहिले उनको घर सिल गरेर परिवारको पाँचजनाको समेत स्वाब संकलन गरिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

उनलाई मंगलबार उपचारका लागि विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगिएकोमा सोही राती अस्पतालको प्रवेशद्वार पुग्ने बित्तिकै मृत्यु भएपछि घर फिर्ता ल्याइएको थियो । घरमा ल्याइ बुधबार बिहान अन्त्येष्टिको तयारी हुँदै गर्दा गाउँपालिकाका अध्यक्ष हरेराम यादवले जिल्ला स्वास्थ्य कार्यालय तथा प्रहरीलाई यसबारे खबर गरेपछि अन्त्येष्टि रोकिएको थियो ।

स्वाब संकलन नगरिकन अन्त्येष्टि गर्न नमिल्ने भन्दै रोकिएको र पछि उनको स्वाब संकलन गरेर पिपिईइ लगायतका सुरक्षाकर्मीसहित ८ जनालाई अन्त्येष्टिमा सहभागि हुन अनुमति दिएपछि उनको अन्त्येष्टि गरिएको थियो ।

यस्तै कोरोनासँग मिल्दोजुल्दो लक्षण रहेका डाक्नश्वरी

*बाँकी तीन पृष्ठमा*

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा | CITY EXPRESS | IME International Money Express | IME pay wallet | himal remit हिमालरेमिट HBL Himalayan Bank Ltd. BATAS | CG Money | MoneyGram money transfer

# अख्तियारमा २० जनामा सङ्क्रमण

काठमाडौँ, २२ साउन (रासस)। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका २० कर्मचारीमा कोरोना भाइरस (कोभिड-१९)को सङ्क्रमण देखिएको छ। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका मेडिकल टेक्नोलोजिस्ट धनप्रसाद पौडेलले मङ्गलबार गरिएको ८० जनाको परीक्षणमा २० जना कर्मचारीको सङ्क्रमण देखिएको जानकारी दिनुभयो।

यसअघि आयोगमा १५ जना कर्मचारीमा सङ्क्रमण देखिएको थियो। ती सङ्क्रमण देखिएका अधिकांश अग्रपङ्क्तिमा काम गर्ने कर्मचारी र सुरक्षाकर्मी छन्।

यसैगरी गत मङ्गलबार नै महाशाखाले प्रधानमन्त्री निवास बालुवाटार र परराष्ट्र मन्त्रालयका कर्मचारीमा गरेको परीक्षणमा भने सङ्क्रमण नदेखिएको पौडेलले बताउनुभयो। प्रधानमन्त्री निवास बालुवाटारमा ६० र परराष्ट्र मन्त्रालयका १८ कर्मचारीको स्वाब सङ्कलन गरिएको थियो।

अख्तियारमा थुनुवा र सङ्क्रमितको कन्टचाक्ट ट्रेसिङ गर्दा नजिक रहेका कर्मचारीको तथा परराष्ट्रमा जापानबाट आएका एक जनामा सङ्क्रमण भेटिएपछि उनी नजिकका कर्मचारीको परीक्षणका लागि स्वाब सङ्कलन गरिएको थियो।

यसैगरी महाशाखाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सर्वोच्च अदालत र जिल्ला अदालत काठमाडौँमा कोभिड-१९ परीक्षणका लागि स्वाब सङ्कलन गरिरहेको छ। मन्त्रालयमा ८२, सर्वोच्च र जिल्ला अदालतमा ३०० जनाको स्वाब सङ्कलन गरिएको महाशाखाका मेडिकल टेक्नोलोजिस्ट पौडेलले जानकारी दिनुभयो। यसअघि महाशाखाले अग्रपङ्क्तिमा काम हुने कार्यालय बैंक, मालपोत तथा नापी, यातायात कार्यालयमा काम गर्ने पाँच हजार कर्मचारीको पिसिआर परीक्षण गरेको थियो।

# बन्द भएका उद्योग सञ्चालनमा ल्याउने सरकारको तयारी, अध्ययन समिति गठन

काठमाडौँ, २२ साउन (रासस)। सरकारले विगतमा सञ्चालनमा रहेका तर विभिन्न कारणले बन्द भएका उद्योग तथा प्रतिष्ठान सञ्चालन गर्न सकिन्छ कि सकिँदैन भन्ने पत्ता लगाउनका लागि पहल थालेको छ।

सरकारको साधन तथा स्रोतको लगानी भएको, ठूलो भौतिक पूर्वाधारसमेत रहेका उद्योग तथा प्रतिष्ठान विभिन्न कारणले बन्द भई रुग्ण अवस्थामा पुगेका छन्। हेटौँडा कपडा उद्योग, बुटवल धागो कारखाना, वीरगञ्ज कृषि औजार कारखाना, भृकुटी कागज कारखाना, गोरखकाली रबर उद्योग, जनकपुर चुरोट कारखाना, बुटवल धागो कारखानालगायत कारखाना बन्द अवस्थामा छन्। उद्योग बन्द हुँदा अन्य भौतिक पूर्वाधारसमेत खण्डहर हुने अवस्थामा पुगेका छन्।

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा समेत बन्द भई रुग्ण भएका उद्योग विभिन्न मोडालिटी तय गरी सञ्चालनमा ल्याउनेजस्ता विषय समावेश गरिएको छ। यस्तै, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले रुग्ण उद्योग के कसरी सञ्चालन गर्न सकिन्छ भन्ने विषयमा अध्ययनसमेत गरेको छ।

तत्कालीन उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादवले समेत बन्द भएको उद्योग के कसरी सञ्चालन गर्न सकिन्छ भनेर अध्ययन गराउनु भएको थियो। यस्तै वर्तमान उद्योगमन्त्री लेखराज भट्टले समेत त्यस सम्बन्धमा आवश्यक चासोका साथ काम गरिरहनु भएको छ।

सरकारले आगामी आर्थिक वर्षमा बन्द भएका तथा रुग्ण अवस्थामा रहेका उद्योगलाई सञ्चालनमा ल्याउने भएको छ। विभिन्न कारणले बन्द भएका उद्योगलाई निजी क्षेत्रको समेत सहयोगमा आवश्यक प्रक्रिया मिलाएर सञ्चालनमा ल्याउने गरी सरकारले नीति तथा कार्यक्रम ल्याएको हो।

मन्त्रिपरिषद्को यही साउन १९ गते बसेको बैठकले रुग्ण उद्योगको सम्बन्धमा आवश्यक सुझाव दिन पूर्वसचिव दीपक सुवेदीको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गरेको छ। अर्थ, सञ्चार तथा सूचना प्रविधिमन्त्री डा युवराज खतिवडाका अनुसार रुग्ण उद्योगको पहिचान, वर्गीकरण, पुनरुत्थान, पुनः निर्माण तथा व्यवस्थापनका लागि सरकारलाई सुझाव दिन पूर्वसचिव सुवेदीको संयोजकत्वमा समिति गठन गरिएको हो।

समितिले कुन उद्योग सञ्चालन गर्न सकिन्छ, कुन सकिँदैन तथा कुन ढाँचामा सञ्चालन गर्न सकिन्छ भनेर सरकारलाई आवश्यक सुझाव दिनेछ। सोही सुझावका आधारमा सरकारले आवश्यक निर्णय गर्नेछ। रोजगारीको सिर्जना तथा आत्मनिर्भरताका लागिसमेत बन्द भएका उद्योग पुनः सञ्चालनमा ल्याउनुपर्ने माग उठ्दै आएको छ।

राष्ट्रपति विद्यादेवी भण्डारीले गत जेठमा सरकारको नीति तथा कार्यक्रम सङ्घीय संसद्मा प्रस्तुन गर्दै बन्द भएका उद्योग पुनः सञ्चालनमा ल्याउने बताउनुभएको थियो।

सरकारको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा उद्योग क्षेत्रको विकासलाई प्रमुख प्राथमिकतामा राखी रुग्ण अवस्थामा रहेका उद्योगलाई सञ्चालनमा ल्याउने तयारी गरिएको छ। बन्द तथा रुग्ण उद्योगलाई निजी क्षेत्रको समेत सहभागितामा उपयुक्त व्यवस्थापन विधि र प्रक्रियाबाट अधिकतम क्षमतामा सञ्चालन गर्ने सरकारको योजना, नीति तथा कार्यक्रममा समावेश छ।

सामान्य सुधार तथा व्यवस्थापनमा मात्रै ध्यान दिने हो भने पनि केही उद्योग एकाध महिनाभित्र सञ्चालनमा ल्याउन सकिन्छ। स्वदेशमा नै उत्पादन हुने सामग्रीमा मात्रै ध्यान दिने हो भने पनि ठूलो धनराशी विदेशिनबाट रोकिने छ। सोही अवस्थालाई ध्यानमा राखेर सरकारले आवश्यक निर्णय गर्ने भएको छ।

सरकारले यसअघि नै बन्द भएको हेटौँडा कपडा कारखाना सञ्चालनमा ल्याउन तयारी थालेको थियो। झण्डै बन्द हुनै लागेको नेपाल औषधि लिमिटेडलाई नयाँ व्यवस्थापनका साथ सञ्चालन गर्दा विपद्को समयमा अत्यावश्यक औषधि उत्पादन गर्न सकिएको छ। स्यानिटाइजर, सिटामोल जस्ता सामग्री नेपाल औषधि लिमिटेडले उत्पादन गरिरहेको छ। लकडाउनमा सो उद्योगले उत्पादन गरेको स्यानिटाइजर अन्य उद्योगको भन्दा गुणस्तरीय रहेको छ।

यस्तै सरकारले कृषि तथा वनजन्य वस्तुको उत्पादन एवं प्रशोधन गर्ने उद्योगको विकास र विस्तार गर्ने लक्ष्यसमेत चालु आवको नीति तथा कार्यक्रममा समावेश गरेको छ।

स्वदेशी कच्चा पदार्थको प्रयोग गर्ने उद्योगको विकासका लागिसमेत सरकारले नीति तथा कार्यक्रममा विशेष प्राथमिकतामा राखेको छ। उद्योग क्षेत्रको विकासका लागि एकल सेवा विन्दु केन्द्रलाई विशेष क्षमताका साथ सञ्चालनमा ल्याउने गरी आवश्यक व्यवस्था गरिने सरकारको नीति तथा कार्यक्रममा समावेश छ। यस्तै चालु आवमा ४५ स्थानीय तहमा औद्योगिक ग्राम स्थापना भइसकेको अवस्थालाई ध्यान दिएर अन्य स्थानीय तहमा आवश्यकताका आधारमा औद्योगिक ग्राम स्थापना गर्ने भएको छ।

# सफटेकका निर्देशक यादव दम्पति कोरोनाबाट निको भए

**दैनिक समाचारदाता**
**राजविराज, २२ साउन।** सप्तरीका एक दम्पति १६ दिनमै कोरोना संक्रमणबाट निको भएका छन्।

कोरोना संक्रमित भएर होम आईसोलेसनमा बस्दै आएका राजविराज ८ स्थित नेपाल सफटेक कलेज अफ कम्प्युटर इन्जिनियरिङ्ग प्रा.लि.का प्रबन्ध निर्देशक ३७ बर्षीय प्रमोद यादव र उनकी ३२ बर्षीया श्रीमति बिन्दा यादवले कोरोनाबाट निको भएका हुन्।

संक्रमित दम्पतिको बुधवार पुनः परिक्षण गर्दा रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन्।

कोरोना संक्रमणबाट मुक्त हुदाँ हर्षित भएका ती दम्पतिले आत्मबल बलियो बनाई स्वास्थ्यकर्मीको सुझाब अनुसार नियमित रुपमा तातोपानी तथा रोग प्रतिरोधात्मक क्षमता बढाउने खानेकुराको सेवन गरेकाले कोरोनालाई सजिलै जितेको बताएका छन्।




भारतबाट परिवारसहित फर्केका राजविराजका एक व्यापारीको गत असार ३१ गते कोरोना संक्रमणका कारण मृत्यु भएको थियो। ती व्यापारीको प्रत्यक्ष सम्पर्कमा आएका निर्देशक यादवको पनि स्वाब संकलन गरी परिक्षण गर्दा गत साउन ५ गते उनमा कोरोना संक्रमण पुष्टी भएको थियो।

त्यसपछि उनकी श्रीमतिको स्वाब परिक्षण गर्दा उनमा पनि साउन ७ गते कोरोना संक्रमण पुष्टी भएको थियो। दुबै जनामा कोरोना संक्रमण पुष्टी भएपछि आफ्नै निवासमा होम आईसोलेसनमा बस्दै आएका थिए।

# अध्यक्ष दाहालसहित परिवारका सदस्यको कोरोना ‘नेगेटिभ’

काठमाडौँ, २२ साउन (रासस)। नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’सहित परिवारका सदस्य एवं सचिवालयका सदस्यको कोरोना रिपोर्ट ‘नेगेटिभ’ आएको छ।

अध्यक्ष दाहाललगायत परिवारका सम्पूर्ण सदस्य, सुरक्षाकर्मी र सचिवालयका सदस्यमा कोरोना परीक्षण गर्दा अध्यक्षको बाहिरी सुरक्षा घेरामा खटिएका छ सुरक्षाकर्मीमा मात्र सङ्क्रमण पुष्टि भएको अध्यक्ष दाहालको सचिवालयले जनाएको छ।

बाहिरी घेरामा खटिने छ सुरक्षाकर्मीबाहेक अन्यको कोरोना रिपोर्ट ‘नेगेटिभ’ आएको अध्यक्ष दाहालका निजी सचिव गङ्गा दाहालले जानकारी दिनुभयो। कुपण्डोलमा रहेको बिध म्यानेजमेन्ट प्रालिद्वारा सञ्चालित कोभिड ल्याबमा अध्यक्ष दाहाल, परिवार, सचिवालयका सदस्य र सुरक्षाकर्मीलगायत ५३ जनाको कोरोना परीक्षण गरिएको थियो।

# पोखरीमा डुबेर मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, २२ साउन।** सिरहाको नरहा गाउँपालिका ५ अधिकारी टोलस्थित कमुतिया पोखरीमा डुबेर एक बालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा नरहा गाउँपालिका ५ बस्ने रामेश्वर शर्माका तीन वर्षीय छोरा राज शर्मा रहेका छन्।

पोखरीमा नुहाउने क्रममा डुबेर सिकस्ति भएका बालक शर्मालाई स्थनीयवासीले उद्धार गरी उपचारका लागि स्थानीय स्वास्थ्य चौकीमा पुऱ्याएका थिए। त्यहाँ उपचार सम्भव नभएपछि थप उपचारका लागि चोहर्वातर्फ लैजाने क्रममा उनको बाटोमै मृत्यु भएको इलाका प्रहरी कार्यालय गोलबजारले जनाएको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विद्यार्थी भर्ना र विद्यालय सञ्चालनमा अन्योल

काठमाडौँ, २२ साउन (रासस)।

स्वास्थ्य जोखिम बढ्दो रहेकाले आउँदो भदौ १ गतेदेखि भर्ना शुरु गरी विद्यालय खोल्ने सरकारको तयारी अन्योलमा परेको छ।

सरकारले शैक्षिकसत्रको अवधि खेर जान नदिने गरी भर्ना शुरु गर्ने र त्यसको करिब दुई सातापछि विद्यालय सञ्चालनको तयारीका लागि शिक्षकलाई सम्बन्धित विद्यालयमा पुग्न निर्देशन दिएको थियो। सरकारले विद्यालय पुनः सञ्चालनको कार्यविधिको मस्यौदा पनि तयार गरेको थियो तर पछिल्ला दिनमा जोखिम बढेकाले अन्योल उत्पन्न भएको हो। अहिले यसबारे शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मात्रै निर्णय गर्न नसक्ने स्थिति पैदा भएको छ। विद्यार्थी भर्ना गर्दा विद्यालयमा शिक्षक, अभिभावक र विद्यार्थी भेला हुँदा पनि जोखिम हुनसक्छ।

विद्यालय सञ्चालनको अधिकार स्थानीय तहको भए पनि विपद् जोखिमको स्थिति भएकाले ती तहले पनि केन्द्र सरकारको मार्गदर्शन पर्खिरहेका छन्। जोखिम कम भएका ठाउँमा सम्बन्धित तह र विद्यालय व्यवस्थापन समितिको निर्णयबाट आवश्यक सुरक्षा विधि अपनाएर विद्यालय खोलाउन सकिने भए पनि हतार गरिहाल्न नहुनेमा अभिभाव छन्। हरेक वैशाखमा नयाँ शैक्षिकसत्र शुरु हुनुपर्नेमा हाल वैकल्पिक प्रणालीबाट सिकाइ निरन्तरता भएको छ भने त्यसलाई औपचारिकता दिइ शैक्षकसत्रमा गणना दिनेबारे कुनै निर्णय गरिएको छैन। गत चैत ५ गते पनि शिक्षा मन्त्रालयले माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (एसइई) सञ्चालनको सबै तयारी पूरा गरेका बेला कोरोना रोकथाम उच्चस्तरीय समन्वय समितिले परीक्षालगायत सबै शिक्षालय बन्दको निर्णय गरेको थियो।

शिक्षा मन्त्रालयका प्रवक्ता दीपक शर्माले कार्यविधिको तयारी भए पनि विद्यालय कहिलेदेखि पुनः सञ्चालन गर्ने भन्नेबारेमा हालसम्म तय भएको बताउँदै विपद्जन्य स्थिति भएकाले शिक्षाका निकायले मात्रै निर्णय गर्ने स्थिति नरहेको जनाउनुभयो। विद्यार्थी भर्ना नभएसम्म विद्यालयमा विद्यार्थीका आकलन नहुने, शिक्षक व्यवस्थापन गर्न असहज हुने र शैक्षिक तथ्याङ्क सङ्कनमा बाधा हुने अन्योल पनि कायमै छ।

मन्त्रालयले गत साता कोभिड-१९ का कारण बन्द रहेका विद्यालयका शैक्षिक क्रियाकलापमा सहजीकरण गर्नेबारे जनस्वास्थ्य र सुरक्षाका मापदण्ड पालना हुनेगरी विद्यालयका शैक्षिक क्रियाकलाप सञ्चालनार्थ सहजीकरणका लागि तयारी रहन आग्रह गरेको थियो। शैक्षिक सत्र २०७६ को नतिजा प्रकाशन गर्न बाँकी रहेको भए नतिजा प्रकाशन गर्ने, २०७७ भाद्र १ गतेदेखि नयाँ विद्यार्थी भर्ना गर्ने र कक्षागत रूपमा विद्यार्थीको सङ्ख्यात्मक विवरण यकिन गर्ने, भर्ना भएका विद्यार्थीको शैक्षिक तथ्याङ्क भराउने, नयाँ शैक्षिक सत्रमा अध्ययन गर्ने विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराउन बाँकी भए उपलब्ध गराउने, विद्यालयको शैक्षिक क्रियाकलाप सञ्चालनार्थ विद्यालय शिक्षकहरू विद्यालय पुगिसक्ने व्यवस्था मिलाउने र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय पुनःसञ्चालन सम्बन्धी कार्यढाँचा जारी गर्ने तय गरेको थियो।

यसैगरी विद्यालय भवन तथा परिसरमा क्वारेन्टिन र आइसोलेशन सम्बन्धी कार्य सञ्चालन नगर्ने, क्वारेन्टिन र आइसोलेशनका रूपमा प्रयोग हुन छाडेका विद्यालय भवनलाई तोकिएको मापदण्ड बमोजिम स्थानीय तहले निर्मलीकरण गरी अध्ययन अध्यापन गर्न योग्य बनाउने, विद्यालय र विद्यालय परिसरभित्र तथा विद्यार्थी आवागमनमा प्रतिकूल असर पर्ने गरी वा विद्यालय क्षेत्रको निकट हुने गरी कोभिड-१९ रोकथाम र नियन्त्रण सम्बन्धी संरचना नराख्ने निर्णय गरिएको थियो।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ नेपालका अध्यक्ष कृष्ण थापाले विद्यालय पुनः सञ्चालनको कार्यविधिमा व्यवस्थापन समितिको सक्रिय भूमिका हुनुपर्ने र परीक्षा सञ्चालन नहुने स्थितिमा यसअघि उठाइएका परीक्षा शुल्क फिर्ता हुनुपर्ने बताउनुभयो।

महासङ्घले विद्यालय खोल्नुपूर्व अभिभावको परामर्शमा हाल विद्यालयमा स्थापना गरिएका क्वारिन्टिन र आइसोलेशन कक्ष निर्मलीकरण गर्ने, विद्यार्थी र शिक्षकको सुरक्षाको वैकल्पिक योजना र बजेटको व्यवस्था गर्ने, मनोसामाजिक सत्र सञ्चालन गर्ने, विद्यालयमा सेनिटाइजर र मास्कको व्यवस्था गर्दै प्राथमिक उपचार कक्ष स्थापनासमेत गराउन सुझाव दिएको छ। ती सबै कार्य भएको एक सातापछि मात्रै विद्यालय खोल्न सुझाव दिइएको छ।

राष्ट्रिय निजी तथा आवासीय विद्यलाय एसोसिएशन (एन प्याब्सन) का अध्यक्ष ऋतुराज सापकोटाले पढाइ सुनिश्चित नभएसम्म विद्यार्थी भर्नामा नआउने भएकाले सरकारले निजी विद्यालयका लागि अनलाइन शिक्षावापत् न्यूनतम् शुल्क र शिक्षकको तलब व्यवस्थापनबारे सहजीकरण गरिदिएमा उचित हुने बताउनुभयो।

शिक्षा मन्त्रालयले रेडियो, एफ रेडियो, टेलिभिजन, अनलाइन, स्वअध्ययन तथा अफलाइनका माध्यमबाट सिकाउन गत जेठ १८ गते 'वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७' जारी गरी असार १ गतेदेखि अनिवार्य कार्यान्वयन गर्न आग्रह गरेको थियो।

# चौधसय बढी नेपाली स्वदेश फर्किए

काठमाडौँ, २१ साउन (रासस)।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा आज आवागमन र प्रस्थान दुवैगरी १२ अन्तरराष्ट्रिय चार्टर्ड उडान भएका छन्। यी उडानमार्फत एक हजार ४६६ नेपाली स्वदेश फर्किएको विमानस्थल कार्यालयले जनाएको छ।

कोभिड-१९ महामारीका कारण विदेशमा अलपत्र परेका नेपालीको विभिन्न एयरलाइन्सले उद्धार चार्टर्ड उडानमार्फत उनीहरुलाई स्वदेश फर्काएको हो। नेपाल एयरलाइन्सले साउदी अरेबियाको दमामबाट १५४ र दमामबाट दुई उडानमा क्रमशः २५९ र १४४ यात्रु काठमाडौँ ल्याएको छ। थप नेपालीको उद्धारका लागि नेपाल एयरलाइन्सको जहाज रियाद र दुबई प्रस्थान गरेको विमानस्थलले जनाएको छ।

यस्तै हिमालय एयरलाइन्सले दमामबाट १५४ र कतारको दोहाबाट १५७ यात्रु तथा दुई शव नेपाल ल्याएको छ। एयर अरेबियाले सारजाहाबाट दुई उडानमार्फत क्रमशः १६८ र १६६ यात्रुको उद्धार गरी काठमाडौँ ल्याएको छ। मालिन्दो एयरले मलेसियाको क्वालालम्पुरबाट १७८, फलाई दुबईले दुबईबाट १६४ र टर्किस एयरलाइन्सले ७६ यात्रु ल्याएको छ। शुक्रबार पनि विभिन्न देशबाट नेपालीको उद्धारका लागि आगमन र प्रस्थान दुवै गरी १४ चार्टर्ड उडान हुने विमानस्थलले जनाएको छ।


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**

**शाखा : सिंहदरबार परिसर**

**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**

**खाता नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


## मृतक तीन ...

नगरपालिका ९ बस्ने ८१ वर्षिय मंगलु खंग तथा राजगढ गाउँपालिका ६ बस्ने ८० वर्षिय बच्चालाल सुतिहारको रिपोर्ट भने नेगेटिभ आएको गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. रन्जित झाले जानकारी दिएका छन्।

उनीहरुको राजविराजस्थित छिन्नमस्ता अस्पतालमा मंगलबार मध्यराती मृत्यु भएको थियो। दुबैको स्वाब संकलनपछि बुधबार अबेर राती अन्त्येष्टि गरिएको परिवारजनले जानकारी दिएका छन्।

योसँगै कोरोनाका कारण ज्यान गुमाउनेको संख्या २ पुगेको छ। यसअघि गत असार ३१ गते राजविराज ६ का ७२ वर्षिय व्यवसायी रामकृष्ण दासको कोरोनाकै कारण मृत्यु भएको थियो।

# विश्व समाचार

## राष्ट्रपति ट्रम्पको सामग्री फेसबुकले हटायो

सानफ्रान्सिस्को, २२ साउन (रासस/एएफपी)।

सामाजिक संजाल फेसबुकले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको एउटा भिडियो पोस्टलाई हटाइदिएको बुधबार जनाएको छ। भिडियोमा राष्ट्रपति ट्रम्पले कोरोनाभाइरसबाट बालबालिका सुरक्षित रहेको दाबीसहितको सन्देश प्रवाहित गर्नुभएको थियो।

फेसबुकले राष्ट्रपतिको उक्त दाबीलाई "कोभिडसम्बन्धी अहितकर झुठो सूचना"को वर्गीकरणभित्र राख्दै फेसबुकबाट हटाएको जनाएको छ। विश्वकै अग्रणी सामाजिक सञ्जाल फेसबुकले राष्ट्रपति ट्रम्पले पोस्ट गर्नुभएको सामग्रीलाई आपत्तिजनक र गलत ठहऱ्याउँदै फेसबुक पेजबाट हटाएको यो पहिलो पटक हो। हुनत यसअघि राष्ट्रपति ट्रम्पको चुनावी अभियानको पेजमा प्रयोग भएको नाजी प्रतीक चिह्नलाई पनि फेसबुकले हटाएको थियो।

फक्स न्यूजलाई दिएको अन्तरवार्ताको यो भिडियो अंशमा राष्ट्रपति ट्रम्पले कोभिड-१९ बाट एउटा समूह सुरक्षित रहेको भन्दै गलत दाबी गरिएको फेसबुकका प्रवक्ताले बताउनुभएको छ। उहाँले कोभिडसम्बन्धी फेसबुकको नीति विपरीत राष्ट्रपति ट्रम्पको दाबी फेसबुकमा पोस्ट भएको जानकारी दिनुभयो।

राष्ट्रपति ट्रम्पले ह्वाइट हाउसमा आयोजित प्रेस ब्रिफिङमा आफ्नो भनाइको बचाउ गर्नु भएको थियो। उहाँले भन्नुभयो, "बालबच्चाले कोभिडलाई सहजै परास्त गर्न सक्छन् भन्ने मेरो धारणा हो। उनीहरुमा रोगप्रतिरोधी क्षमता बढी हुन्छ।" स्वास्थ्य अधिकारीले कोभिडको असर जुनसुकै उमेर समूहका व्यक्तिमा हुने जनाउँदै सतर्कता अपनाउन निरन्तर आग्रह गरिरहेका छन्। राष्ट्रपति ट्रम्पले गत साता पनि कोभिडएठस-१९ सम्बन्धी गलत सूचना प्रवाह गर्नुभएको थियो।

## गुजरातको अस्पतालमा आगलागी, आठ जनाको मृत्यु

नयाँदिल्ली, २२ साउन (रासस/सिन्ह्वा)।

भारतको गुजरातस्थित एक अस्पतालमा आगलागी हुँदा त्यहाँ उपचार गराइरहेका आठ जना कोरोना सङ्क्रमित बिरामीको मृत्यु भएको छ। गुजरातको राजधानी अहमदाबादस्थित श्रेय अस्पतालमा बिहीबार बिहानै आगलागी शुरु भएको थियो। उक्त घटनालगत्तै त्यहाँ उपचारार्थ भर्ना भएका अरु ४१ जना कोभिड-१९ का बिरामीलाई अन्य अस्पतालमा स्थानान्तरित गरिएको थियो। प्रधानमन्त्री नरेन्द्र मोदीले ट्वीट गर्दै आगलागीको उक्त घटनाबाट जनधनको क्षति भएकामा दुःख व्यक्त गर्नु भएको छ। उहाँले पीडितलाई जतिसक्दो सहायता गर्न सरकार तत्पर रहेको बताउनुभएको छ।

## लेबनानमा भएको विस्फोटमा १३५ को मृत्यु, चार हजारभन्दा बढी घाइते

बेरुत, २२ साउन (रासस/सिन्ह्वा)।

लेबनानको राजधानी बेरुतको प्रमुख बन्दरगाहमा मङ्गलबार भएको शक्तिशाली विस्फोटमा परी ज्यान गुमाउनेको संख्या १३५ पुगेको छ। करिब दुई हजार ७५० टन 'एमोनियम नाइट्रेट' नामक रासायनिक पदार्थ भण्डारण गरेको एक गोदाम घरमा भएको यस विस्फोटमा परी चार हजारभन्दा बढी घाइते भएका बताइएको छ। यस गोदाममा सन् २०१४ मा एक कार्गो जहाजबाट बरामद गरिएको 'एमोनियम नाइट्रेट' भण्डारण गरिएको थियो।

लेबनानका गृहमन्त्री मोहम्मद फाहमीले सो गोदाममा एमोनियम नाइट्रेट राखिएकाले त्यो विस्फोट शक्तिशाली हुन पुगेको र यसले ठूलो क्षति पुऱ्याएको बताउनुभएको थियो। लेबनानका प्रधानमन्त्री हासान डीयाबले यस विस्फोटलाई देशको ठूलो विपत्ति हो भन्नुभएको थियो। उहाँले यस विषयको अनुसन्धान शुरु भइसकेको र दोषीलाई जबाफदेही बनाइनुपर्ने बताउनुभएको छ।

उहाँले एक टेलिभिजनमा सम्बोधन गर्दै यस घटनामा संलग्नलाई कडा कारबाही गरिने छ र उनीहरुलाई उम्किन दिइने छैन भन्नुभएको छ। गोदाममा राखिएको एमोनियम नाइट्रेटको अवस्था बारेमा जाँचबुझ गरी पाँच महिना अघि नै लेबनान सरकारलाई प्रतिबेदन बुझाइएको पनि संचार माध्यमले जनाएका छन्। प्रतिबेदनमा एमोनियम नाइट्रेटको भण्डारमा सुरक्षा सतर्कता अति जरुरी रहेको औंल्याइएको थियो।

## भारतमा कोभिड-१९ को सङ्क्रमणबाट ४० हजारको मृत्यु

नयाँदिल्ली, २१ साउन (रासस/सिन्ह्वा)।

भारतमा 'कोभिड १९' सङ्क्रमणबाट ४० हजार भन्दा बढीको मृत्यु बिहीबार जनाइएको छ। भारतमा गत २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमणका कारण ९०४ जनाको मृत्यु भएपछि कुल मृतकको सङ्ख्या ४० हजार ६९९ जना पुगेको यहाँको केंद्रीय स्वास्थ्य मन्त्रालयले बिहीबार जानकारी दिएको छ।

गत २४ घण्टामा भारतका ५६ हजार २८२ जनामा कोरोना भाइरस पोजेटिभ देखिएपछि कुल सङ्क्रमितको संख्या १९ लाख ६४ हजार ५३६ पुगेका सो मन्त्रालयले जानकारी दिएको छ। सरकारी अधिकारीका अनुसार भारतमा कोरोना भाइरस सङ्क्रमितमध्ये तेह्र लाख २८ हजार ३३६ व्यक्ति निको भएर फर्किएका छन्।

हाल भारतमा पाँच लाख ९५ हजार ५०१ जना कोरोना भाइरस सङ्क्रमित अवस्थामा रहेका छन्। भारतको महाराष्ट्र सबभन्दा प्रभावित बढी कोरोना भाइरस सङ्क्रमण राज्यका रुपमा रहेको छ। कोरोना भाइरस प्रभावित भारतको दोस्रो राज्य तमिलनाडू र तेस्रोमा राजधानी शहरसमेत रहेको दिल्ली राज्य रहेको छ।

# भन्सार छलेर भण्डारण गरेको अवस्थामा ४ लाख बढीको सामान बरामद

**दैनिक समाचारदाता**
**राजविराज, २२ साउन ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका ४ कुशहाबाट प्रहरीले चार लाखबढी मुल्य बराबरको भन्सार छलेर भण्डारण गरेको अवस्थामा स्थानीयको घरबाट रंगरोघनका सामान तथा खाद्यान्नहरु बरामद गरेको छ ।

स्थानिय दशै पण्डित र मलहु रायको घर पछाडी गँहुको भुसमा भारतबाट नेपाल लुकाई छिपाई ल्याई राखेको अवस्थामा शसस्त्र बेस क्याम्प र ईलाका प्रहरी कार्यालय पातोबाट खटेको प्रहरीले बरामद गरेको हो ।

प्रहरीले दशै पण्डितको घर पछाडीबाट चिनी ३ बोरा १५० के.जि., कबिर छाप खैनी १ बोरा २४ पोका, मामाश्री रक्सी १७० थान, बच्चाको पेन्टी, गंजी, भेष्ट र अन्डरवेयरसहित ८२ हजार मुल्य बराबरको सामानहरु बरामद गरेको जनाएको छ ।

त्यस्तै मलहु रायको घर पछाडीबाट सुपर गुल फर्निचर ईनामेल २० लि.को २४ वटा, डिलक्स सेन्थेटिक पेन्ट २० लि.को ४ वटा, श्री गोपाल उड मेटल फर्निचर पेन्ट ४ लि.२० वटा, चिनी ४ बोरा २०० के.जि. र मैदा ४ बोरा २०० के.जि.सहित ४ लाख मुल्य बराबरको सामानहरु बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै प्रहरीले राजबिराज वडा नं. ९, १० बाट भारतबाट नेपाल तर्फ भन्सार छलि साईकलमा ल्याउदै गरेको १ सय १८ पोका कबिर नामक खैनि बरामद गरेको जनाएको छ ।

### *दुई महिलासहित ...*

योसँगै सप्तरीमा कोरोना संक्रमितको संख्या ५ सय ५८ पुगेको छ । जिल्लामा कोरोना संक्रमणका कारण दुई जनाको ज्यान गइसकेको छ ।

# सूचना

**नोभल कोरोना भाईरस (कोभिड-१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# आइसोलेशनमा खाना र सरसफाईमा सुधार गरिएपनि उपकरणको अभावले समस्या

**दैनिक समाचारदाता**
**राजविराज, २२ साउन ।**




मुलुककै सबभन्दा बढी बेड रहेको राजविराजस्थित साईकृष्णा मेडिकल कलेजको आइसोलेशन कक्षमा आवश्यक उपकरणको अभाव देखिएको छ ।

बिहीबार अनुगमनको क्रममा आइसोलेशन कक्षमा यस्तो समस्या देखिएको छ । अनुगमनका क्रममा पुगेका नेपाली काँग्रेसका नेता तथा कार्यकर्तासँग कुरा गर्दै आइसोलेशन व्यवस्थापन पक्षले केही अतिआवश्यक उपकरणको अभावका कारण जोखिमको सम्भावना बढेको जानकारी गराएका छन् ।

एक सय ७८ वेड क्षमताको सो आइसोलेशन कक्षमा हाल १ सय १९ जना संक्रमित उपचारका क्रममा छन् । तर, उक्त आइसोलेशनमा एउटा पनि आइसियु तथा भेन्टिलेटर उपकरण जडान गरिएको छैन् ।

काँग्रेसका यूवा नेता इर्साद अन्सारीले भने, "मुलुकको सर्वाधिक ठूलो भनिएको आइसोलेशन कक्षमा एउटा पनि भेन्टिलेटर र आइसियु वार्ड नहुनु दुर्भाग्य हो ।" आइसोलेशन वार्ड व्यवस्थापन समितिका प्रमुख समेत रहेका गजेन्द्र नारायण सिंह अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झाले भेन्टिलेटर र आइसियु उपकरणका लागि आफूले निकै समयदेखी पहल गरेपनि आश्वासन मात्र पाएको बताए ।

संक्रमितको अवस्था विग्रिए भेन्टिलेटर र आइसियुको अभावमा ज्यानै जाने खतरा आउन सक्छ, उनले भने "त्यसैले समयमै त्यस्ता उपकरण उपलब्ध गराउन प्रदेश तथा संघीय सरकार सामु पटक पटक जानकारी सहित आग्रह गरेका छौं ।"

अनुगमन टोलीको नेतृत्व गरेका अन्सारीले आइसोलेशनमा विगतको तुलनामा खाना, खाजा र सरसफाई उल्लेख्नीय सुधार देखिएपनि स्वास्थ्य उपकरणको अभाव रहेको र यस बारे आफूहरुले पनि सम्बन्धीत निकायको ध्यानाकर्षण गराउने तयारी थालिएको बताए ।

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता – **प्रेम कुमार यादव**
**अध्यक्ष**
**राजविराज नगरपालिका वडा नं. ६**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*